# जुवा वा सट्टाबाजी खेल्ने वा खेलाउने कार्यलाई नियन्त्रण गर्न बनेको विधेयक

**प्रस्तावना** : जुवा वा सट्टाबाजी खेल्ने वा खेलाउने कार्यलाई नियन्त्रण गरी सामाजिक र आर्थिक हित एवं मर्यादा कायम राख्नको लागि सो सम्बन्धी प्रचलित कानूनी व्यवस्थालाई संशोधन तथा एकीकरण गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८१ को उपधारा (१) बमोजिम संविधानसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "जुवा नियन्त्रण ऐन, २०६६" रहेकोछ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनमा प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "इजाजतपत्र" भन्नाले दफा २१ बमोजिम जुवा घर संचालन गर्न दिईने इजाजतपत्र सम्झनु पर्छ ।

(ख) "कसूर" भन्नाले दफा ९ बमोजिमको कसूर सम्झनु पर्छ ।

(ग) "च्याँखे" भन्नाले आफूले प्रत्यक्ष रुपमा जुवा नखेली अरुको हार वा जितमा आफूले कुनै चल अचल सम्पत्ति वा प्रतिफल पाउने वा गुमाउने गरी थापेको बाजी सम्झनु पर्छ ।

(घ) "जुवा" भन्नाले कुनै संयोगको आधारमा कुनै किसिमको चल अचल सम्पत्ति वा प्रतिफल पाउने वा गुमाउने वा हार्ने वा जित्ने गरी बाजी थापी खेलिने खेल वा प्रक्रिया सम्झनु पर्छ ।

(ङ) "जुवा घर (क्यासिनो)" भन्नाले इजाजतपत्र लिई जुवा खेल्ने खेलाउने उद्देश्यले स्थापना भएको घर सम्झनु पर्छ ।

(च) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(छ) "सट्टाबाजी" भन्नाले कानून बमोजिम खेल्न खेलाउन हुने कुनै खेल वा प्रक्रियामा खास पक्षले हारेमा वा जितेमा कुनै चल अचल सम्पत्ति वा प्रतिफल पाउने वा गुमाउने गरी थापेको बाजी सम्झनु पर्छ

३. **जुवा खेल्न नहुनेः** कसैले पनि जुवा खेल्न हुँदैन ।

४. **जुवा खेलाउन नहुनेः** कसैले पनि आफ्नो हक, भोग, चलन, स्वामित्व वा जिम्मामा रहेको घर, कोठा, ठाउँ वा सवारी साधन उपलब्ध गराई वा जुवा खेल्नको लागि कुनै किसिमको साधन वा सम्पत्ति उपलब्ध गराई जुवा खेलाउन हुँदैन ।

५. **च्याँखे थाप्न नहुने** : कसैले पनि जुवा खेलेको ठाउँमा च्याँखे थाप्न हुँदैन ।

६. **सट्टाबाजी गर्न नहुने** : कसैले पनि सट्टाबाजी गर्न,गराउन हुँदैन ।

७. **लुकाउन छिपाउन नहुने** : (१) कसैले जुवा खेल्ने वा सट्टाबाजी गर्ने व्यक्तिलाई वा जुवा वा सट्टाबाजीमा प्रयोग भएको वा हुने नगदी वा जिन्सी लुकाउन, छिपाउन वा सो उद्देश्यले कुनै पनि किसिमको सहयोग गर्न, गराउन हुँदैन ।

(२) कसैले पनि जुवा वा सट्टाबाजी खेलेको वा खेल्न लगाएको वा कुनै ठाउँ जुवा वा सट्टाबाजीको लागि प्रयोग भएको वा हुन लागेको कुरा लुकाउन छिपाउन हुँदैन ।

८. **बस्न वा सहयोग गर्न नहुने:** कुनै पनि व्यक्ति जुवा खेलेको वा सट्टाबाजी गरेको ठाउँमा बस्न वा कसैले पनि कुनै किसिमले जुवा खेल्ने वा सट्टाबाजी गर्ने प्रयोजनको लागि सहयोग गर्न, गराउन हुँदैन ।

९. **कसूर गरेको मानिने**: कसैले दफा ३, ४, ५, ६, ७ वा ८ बमोजिमको कार्य गरे गराएमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ।

१०. **सूचना गर्ने:** (१) यस ऐन बमोजिमको कसूर सम्बन्धी सूचना वा थाहा पाउने जुनसुकै व्यक्तिले वारदात भएको मितिले सात दिनभित्र नजिकको प्रहरी कार्यालयमा सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सट्टाबाजी सम्बन्धी वारदात भएको मितिले छ महिनाभित्र थाहा पाएको मितिले तीस दिनभित्र नजिकको प्रहरी कार्यालयमा सूचना गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम सूचना गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राख्न लिखित अनुरोध गरेमा सूचना दर्ता गर्ने प्रहरी कर्मचारीले निजको नाम गोप्य राख्नु पर्नेछ ।

११. **सजाय:** (१) दफा ३, ४ र ६ बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछ:-

(क) एकलाख रुपैयाँसम्मको बिगो रहेछ भने बिगोबमोजिम जरिवाना ।

(ख) एकलाख रुपैयाँभन्दा बढी पाँचलाख रुपैयाँसम्मको बिगो रहेछ भने बिगोबमोजिम जरीवाना र एक महिनासम्म कैद ।

(ग) पाँचलाख रुपैयाँभन्दा बढी दशलाख रुपैयाँसम्मको बिगो रहेछ भने बिगोबमोजिम जरीवाना र तीन महिनासम्म कैद ।

(घ) दसलाख रुपैयाँ भन्दाबढी बीसलाख रुपैयाँसम्मको बिगो रहेछ भने बिगोबमोजिम जरीवाना र छ महिनासम्म कैद ।

(ङ) बीसलाख रुपैयाँभन्दा बढी बिगो भएको रहेछ भने बिगोबमोजिम जरीवाना र एक वर्षसम्म कैद ।

(२) दफा ५ वा दफा ७ को उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई बिगो बमोजिम जरिवाना हुनेछ । बिगो नखुलेकोमा पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(३) दफा ७ को उपदफा (२) वा दफा ८ बमोजिमको कसूर गर्ने व्यक्तिलाई पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(४) यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको काम नगरेमा वा तोकिएको अधिकारीले दिएको आदेश पालना नगरेमा एकलाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

१२. **थप सजाय हुने:** एकभन्दा बढी पटक दफा ३,४, ५, ६ वा ७ को उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई प्रत्येक पटक एक एक महिनाका दरले थप कैद सजाय हुनेछ ।



नेपाल कानून आयोग

१३. **विगो कायम हुने:** (१) दफा ११ को प्रयोजनको लागि विगो कायम गर्दा वारदात भएको ठाउँ रहेको व्यक्ति वा सो ठाउँमा संलग्न व्यक्ति बाट नगद तथा जिन्सी सामानहरु बरामद भएको भए त्यस्तो सामानलाई प्रचलित मूल्यमा मूल्यांकन गर्दा हुन आउने रकम समेत समावेश गरी विगो कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम कायम भएको विगोको पूरा रकमलाई नै कसूरको आरोप लागेको प्रत्येक व्यक्तिको हकमा विगो मानी विगो असूल गरिनेछ ।

१४. **दाबी गर्न नपाउने**: कसैले जुवा खेल्ने वा खेलाउने वा सट्टाबाजी गर्ने गराउने प्रयोजनका लागि नगद वा जिन्सी सामान सापटी दिएको रहेछ भने त्यस्तो नगद वा जिन्सी सापटी दिने व्यक्तिले त्यस्तो नगद वा जिन्सी सामानमा दावी गर्न पाउने छैन ।

१५. **जफत गर्ने**: यस ऐन बमोजिमको कसूर गर्न प्रयोग भएको वा प्रयोग गर्ने मनसायले लगिएको वा राखिएको वा लुकाएको वा जुवा वा सट्टाबाजीबाट आर्जित सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेछ ।

तर घर, ठाउँ वा सवारी साधन जफत हुने छैन ।

१६. **जाहेरवालालाई सजायमा छुट**: (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि कसूर गर्ने कुनै व्यक्तिले पक्राउ हुनुभन्दा अगावै सो कुरा मुद्दा चलाउने अधिकारी समक्ष जाहेर गरी साक्षी हुन मञ्जुर गरेमा निज विरुद्ध यस ऐन बमोजिमको कुनै कारबाही चलाइने र सजाय गरिने छैन ।

तर अदालतमा उपस्थित भई पहिले व्यक्त गरेको व्यहोराको बकपत्र नगरेमा त्यस्तो व्यक्तिलाई पुनः कारबाही र सजाय गर्न बाधा पर्ने छैन ।

(२) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम सजाय हुने कसूर गर्ने व्यक्तिले वारदातको सम्बन्धमा सत्य तथ्य कुरा बताएको छ भन्ने अदालतलाई लागेमा त्यस्तो व्यक्तिलाई अदालतले सजाय कम गर्न वा नगर्न सक्नेछ ।

१७. **सूचना दिनेलाई पुरस्कार**: (१) सरकारी सेवामा रहेका व्यक्ति बाहेकका अन्य कुनै व्यक्तिले कसूर गरेको वा भइरहेको वा हुन लागेको सम्बन्धमा सूचना दिएमा त्यस्तो सूचनाको आधारमा मुद्दा चलाउदा कसूरदारबाट उपर हुने जरिवानाको दश प्रतिशत रकम सूचना दिने व्यक्तिलाई पुरस्कार स्वरुप दिइनेछ ।

(२) उपदफा (१) बमोजिम सूचना दिने व्यक्ति एकभन्दा बढी भएमा त्यस्तो रकम बराबर भाग लगाई दिइनेछ ।

(३) यस दफा बमोजिम सूचना दिने व्यक्तिको नाम, ठेगाना र निजबाट प्राप्त सूचनाको विवरण गोप्य राख्नु पर्नेछ ।

१८. **कसूर गरेको नमानिने**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै खेल वा कार्यक्रमलाई जुवा खेले खेलाएको कसूर मानिने छैनः

(क) नेपाल सरकारबाट इजाजत प्राप्त गरी नेपाल सरकारले वर्गीकरण गरेको कम्तीमा चारतारे होटलमा सञ्चालन भएको जुवा घर (क्यासिनो) मा हुने जुवा सम्बन्धी खेल,

(ख) कुनै सार्वजनिक महोत्सव, मेला, पर्व, प्रदर्शनी वा समारोहमा मनोरञ्जनका लागि कुनै सानो तिनो चल सम्पत्ति पाउने वा गुमाउने गरी नेपाल सरकारको स्वीकृत लिई संचालन हुने खेल ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाली नागरिकले जुवा घरमा जुवा सम्बन्धी खेल खेलेमा वा इजाजत पत्र नलिई जुवा घर सञ्चालन गरेमा दफा ९ बमोजिम जुवा खेलेको वा खेलाएको कसूर गरेको सरह मानी सजाय हुनेछ ।

१९. **<u>बीना इजाजत जुवा घर सञ्चालन गर्न नहुने</u>:** कसैले पनि यो ऐन बमोजिमको इजाजतपत्र नलिई जुवा घर सञ्चालन गर्न गराउन हुँदैन ।

२०. **<u>वित्तिय तथा भौतिक स्रोत</u>:** जुवा घर सञ्चालनको लागि आवश्यक पर्ने वित्तिय तथा भौतिक स्रोत र अन्य आवश्यक कुराहरु तोकिएबमोजिम हुनेछ ।

२१. **<u>इजाजतपत्र प्राप्त गर्न निवेदन लिनुपर्ने</u>:** (१) इजाजतपत्र लिन चाहने व्यक्तिले देहायका कागजातहरु र आवश्यक दस्तुर संलग्न गरी तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ:-

(क) निवेदकको पहिचान तथा सनाखतको पुष्टी हुने किसिमका कागजातहरु,

(ख) वित्तिय तथा भौतिक स्रोत सम्बन्धी कागजातहरु,

(ग) तोकिएबमोजिमका अन्य कागजातहरु ।

(२) तोकिएको अधिकारीले आवश्यक देखेमा निवेदकको उपयुक्तता जाँच गर्न निवेदकसँग आवश्यक थप कागजात तथा विवरण माग गर्न सक्नेछ । यसरी माग गरिएको थप कागजात वा विवरण पेश नगरेमा निवेदकको निवेदन उपर कुनै कारबाही हुने छैन ।

२२. **<u>इजाजत प्रदान गर्ने कार्यविधि</u>:** (१) दफा २१ बमोजिम प्राप्त हुन आएको निवेदन, कागजात तथा विवरण उपर समेत विचार गरी तोकिएको अधिकारीले इजाजतपत्र दिन मिल्ने नमिल्ने सम्बन्धमा निर्णय गरी निवेदन प्राप्त भएको मितिले साठी दिनभित्र निवेदकलाई जानकारी दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्णय गर्नु अघि तोकिएको अधिकारीले वित्तिय तथा भौतिक साधन र अन्य सुविधा सम्बन्धमा निरीक्षण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम इजाजतपत्र दिने निर्णय गरेमा तोकिएको अधिकारीले इजाजतपत्र प्राप्त गरेपछि निवेदकले पालना गर्नुपर्ने तोकिएबमोजिमका शर्तहरु समेत उल्लेख गरी आवश्यक दस्तुर लिई निवेदकलाई इजाजतपत्र दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रदान गरिएको इजाजतपत्रको अवधि यस ऐनको अधिनमा रही बढीमा पाँच वर्षको हुनेछ ।

(५) उपदफा (४) बमोजिमको तोकिएको अवधि गणना गर्ने प्रयोजनको लागि इजाजतपत्र प्रदान गर्दाको आर्थिक वर्षको अवधि जति सुकै बाँकी रहे तापनि सो आर्थिक वर्ष समाप्त भएपछि इजाजतपत्रको अवधि एक वर्ष पुगेको मानिनेछ ।

(६) इजाजत प्रदान गर्ने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिमको हुनेछ ।

२३. **इजाजतपत्र दिन वाध्य नहुने**ः दफा २२ मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक हित तथा सामाजिक मर्यादालाई ध्यानमा राखी तोकिएको अधिकारीले इजाजतपत्र जारी नगर्ने गरी निर्णय गर्न सक्नेछ ।

२४. **इजाजतपत्रको नवीकरण**ः (१) इजाजतपत्र बहाली रहने अवधि समाप्त हुनुभन्दा कम्तीमा तीन महिना अघि नै इजाजतपत्र नवीकरणको लागि आवश्यक दस्तुर संलग्न गरी तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनउपर जाँचबुझ गरी तोकिएका शर्तहरु पालना गरे नगरेको बुझी नवीकरण गर्नको लागि थप कागजात वा विवरण माग गर्नुपर्ने भएमा इजाजतपत्र प्राप्त व्यक्तिसँग सोसमेत मागी इजाजतपत्रको अवधि समाप्त हुनुभन्दा कम्तीमा एक महिना अघि इजाजतपत्र नवीकरण गर्ने वा नगर्ने सम्बन्धमा निर्णय गरी सक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र नवीकरण गर्ने निर्णय भएमा आवश्यक दस्तुर लिई इजाजतपत्र नवीकरण गरिदिनु पर्छ ।

(४) इजाजतपत्र नवीकरण गर्न मनासिव नदेखिएमा कारण खुलाई निवेदकलाई जानकारी दिनु पर्नेछ ।

(५) इजाजतपत्र नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. **निवेदन तथा इजाजतपत्रको ढाँचा तोक्ने**ः इजाजतपत्रको लागि दिइने निवेदन, इजाजतपत्र तथा इजाजतपत्रको नवीकरणको लागि दिने निवेदनको ढाँचा तोकिए बमोजिमको हुनेछ ।

२६. **दस्तुर तथा रोयल्टी**ः (१) इजाजतपत्रको लागि निवेदन दिंदा संलग्न गर्नुपर्ने दस्तुर, इजाजतपत्र प्राप्त गर्दा बुझाउनु पर्ने दस्तुर, इजाजतपत्र नवीकरणको लागि निवेदन दिंदा संलग्न गर्नु पर्ने दस्तुर र इजाजतपत्र नवीकरण गर्दा लाग्ने दस्तुर तोकिएबमोजिम हुनेछ ।

(२) इजाजत प्राप्त व्यक्तिले जुवा घर सञ्चालन गरेवापत प्रत्येक आर्थिक वर्षमा नेपाल सरकारलाई तोकिएबमोजिमको रोयल्टी रकम बुझाउनु पर्नेछ ।

२७. **इजाजतपत्र निलम्बन गर्न सक्ने**ः (१) इजाजतपत्र प्राप्त गर्नको लागि पेश गरेको कागजात, विवरण तथा वित्तीय वा भौतिक स्रोत फरक वा झुट्टा भएमा वा इजाजतपत्रवालाले पालन गर्नुपर्ने शर्तको पालना नगरेमा वा यो ऐन वा यो ऐन अन्तरगत बनेको नियम उल्लंघन गरेको पाइएमा तोकिएको अधिकारीले तत्सम्बन्धमा जाँचबुझ गर्नको लागि जाँचबुझको काम पूरा नभएसम्म इजाजतपत्र निलम्बन गर्न सक्नेछ ।

(२) इजाजतपत्र निलम्बन रहेको अवधिभर जुवा खेल्न वा खेलाउन पाइने छैन ।





नेपाल कानून आयोग

(३) यस दफा बमोजिम इजाजतपत्र निलम्बन गर्दा छ महिनाभन्दा बढी अवधिसम्म निलम्बन गर्न हुँदैन ।

२८. **इजाजतपत्र रद्द गर्ने**: (१) देहायका कुनै अवस्थामा तोकिएको अधिकारीले जुनसुकै बखत इजाजतपत्र रद्द गर्न सक्नेछः-

(क) इजाजतपत्र प्राप्त गर्न वा इजाजतपत्र नवीकरण गर्नको लागि निवेदन दिंदाका बखत झुट्टा कागजात तथा विवरण पेश गरेको देखिएमा,

(ख) शान्ति सुरक्षा एवं सार्वजनिक हितलाई प्रतिकूल असर पर्ने किसिमको क्रियाकलाप गरेमा,

(ग) इजाजतपत्रमा उल्लिखित शर्तहरुको पालना नगरेमा,

(घ) नेपाल सरकारलाई बुझाउने रोयल्टी नबुझाएमा,

(ङ) इजाजतपत्र प्राप्त व्यक्तिले यो ऐन अन्तर्गतको कसूर ठहरिने कुनै कार्य गरेमा,

(च) तोकिएबमोजिमको अन्य अवस्थामा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र रद्द गर्नु अघि इजाजतपत्र प्राप्त व्यक्तिलाई सफाइको मौका दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम इजजातपत्र रद्द गरिएकोमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो रद्द भएको मितिले पैतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

२९. **स्वतः रद्द हुने**: इजाजतपत्रको नवीकरण नगराएमा त्यस्तो इजाजतपत्र स्वतः रद्द हुनेछ ।

३०. **इजाजतपत्र नदिने**: यस ऐनबमोजिम कारवाही चलाई सजाय भएको व्यक्तिलाई पुनः इजाजतपत्र दिइने छैन ।

३१. **अनुगमन गर्ने**: (१) इजाजतपत्र प्राप्त व्यक्तिले यो ऐन तथा इजाजतपत्रमा उल्लिखित शर्त पालना गरे नगरेको सम्बन्धमा तोकिएको अधिकारीले समय समयमा अनुगमन गर्नु गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा गराउँदा तोकिएको अधिकारीले इजजातपत्र प्राप्त व्यक्तिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु इजाजत पत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

३२. **अभिलेख राख्नु पर्ने**: (१) इजाजतपत्र प्राप्त व्यक्तिले जुवा घरमा जुवा खेल्न आउने प्रत्येक व्यक्तिको अभिलेख राख्नु पर्नेछ ।

(२) तोकिएको अधिकारीले मागेका बखत त्यस्तो अभिलेख उपलब्ध गराउनु पर्नेछ ।

(३) इजाजतपत्र प्राप्त व्यक्तिले प्रत्येक तीन⁄ तीन महिनामा जुवा घरमा जुवा खेल्दा सम्पत्ति जित्ने र हार्नेको विवरण तोकिएको अधिकारी समक्ष पठाउनु पर्नेछ ।

३३. **सरकारवादी हुने**: यस ऐन अन्तर्गतको मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची -१ मा समावेश भएको मानिनेछ ।



नेपाल कानून आयोग

३४. **कार्यविधि अपनाउने**: यस ऐन अन्तर्गतको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

३५. **अधिकार प्रत्यायोजन**: तोकिएको अधिकारीले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार कुनै राजपत्रांकित अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

३६. **हदम्याद**: यस ऐन बमोजिमको कसूर सम्बन्धी सूचना दर्ता भएको मितिले पैतीस दिनभित्र मुद्दा दायर गर्नु पर्नेछ।

३७. **नियम वनाउन सक्ने**: यस ऐनको उद्देश्य पूर्तिको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

३८. **खारेजी र बचाउ**: (१) जुवा ऐन, २०२० खारेज गरिएकोछ र सो ऐन बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल सरकारको स्वीकृति लिई सञ्चालनमा रहेका जुवा घर (क्यासिनो) ले यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र यस ऐन बमोजिमको इजाजतपत्र लिनु पर्नेछ।

नेपाल कानून आयोग